# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड: ६ सख्या: २**

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१/०३/१३

प्रमाणिकरण मिति २०८१।०३।१२

स्वीकृत मिति २०८१।०३।०७

### भाग १

### विनियोजन ऐन, २०८१

**प्रस्तावना :**

देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२९ को उपधारा (२) बमोजिम देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को नगर सभाले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम **"देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनियोजन ऐन, २०८१"** रहेको छ। यो ऐन २०८१ साउन १ गते बाट लागु हुनेछ।

२) **आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम कुल रु

देवचुली नगरपालिका राजपत्र

९१,१४,३७,३६४।- (एकानव्वे करोड चौध लाख सैतिस हजार तीन सय चौसठ्ठी) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३) विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त देवचुली नगरपालिका, नवलपुरको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ। यस ऐन द्वारा संचित कोषबाट खर्च गर्न प्रपेक्षित आयको व्यय विवरण अनुसुचि १ र राजस्व तथा अनुदान प्राप्ति रकमको विवरण अनुसुचि २ मा राखिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

देवचुली नगरपालिका राजपत्र

**देवचुली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**आर्थिक बर्ष २०८१/०८२ को आय व्ययको विवरण** (अनुसूची - १)

| शीर्षक | आ.व.२०८०/८१ को अनुमान | आ.व. .२०८०/८१ को हालसम्मको यथार्थ | आ.व..२०८०/८१को संसोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|---|
| **आयः** | ८१२९८२०००.०० | ६८८५९२३७९.०० | ८२०३९९०००.०० | ९११४३७३६४.० |
| **राजस्वः** | ३०४०४८०००.०० | २३२५९१६०९.०० | ३११४६५०००.०० | ३३३८६८३६४.० |
| आन्तरिक राजस्व | ७८८९००००.०० | ५५२५०९९८.०० | ७८८९००००.०० | ६३६५००००.० |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | १७१५६४००० | ११६३२९६११ | १७१५६४००० | १७०८००००० |
| सँघीय सरकार | १०८१४९०००.०० | ७९९७९४२३.०० | १०८१४९०००.०० | ११४८०००००.० |
| प्रदेश सरकार | ६३४१५०००.०० | ३६३५०१८८.०० | ६३४१५०००.०० | ५००००००.० |
| स्थानिय राजस्व बाँडफाँड | ११०९००००.०० | ३४३२१५०.०० | ११०९००००.०० | ६००००००.० |
| **अन्य आय (गत आर्थिक बर्षको नगद मौज्दात)** | ५३५९४०००.०० | ६१०११०००.०० | ६१०११०००.०० | ८८४१८३६४.० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | ५०८९३४०००.०० | ४५६०००७७०.०० | ५०८९३४०००.०० | ५७७५६९०००.० |
| नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान | १३३२०००००.०० | ९८७१४५२०.०० | १३३२०००००.०० | १३७००००००.० |
| प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान | १८३५५०००.०० | १३७६६२५०.०० | १८३५५०००.०० | १८३७००००.० |
| नेपाल सरकारबाट प्राप्त विशेष अनुदान | ७००००००.०० | ७००००००.०० | ७००००००.०० | ९००००००.० |
| नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान | ८००००००.०० | ४६०३०००.०० | ८००००००.०० | ०.० |
| नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान | ३३२३७९०००.०० | ३२६९१७०००.०० | ३३२३७९०००.०० | ४०३१९९०००.० |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ५००००००.०० | २५०००००.०० | ५००००००.०० | ४००००००.० |
| प्रदेश सरकारबाट प्राप्त समपुरक | ५००००००.०० | २५०००००.०० | ५००००००.०० | ६००००००.० |
| **अन्य** | ०.०० | ०.०० | ०.०० | ११००००००.०० |
| **नगर अस्पतालबाट प्राप्त** | ०.०० | ०.०० | ०.०० | ११००००००.०० |
| **व्ययः** | ८१२९८२०००.०० | ५२३३१५६७७.०० | ८१२९८२०००.०० | ९११४३७३६४.० |
| चालु खर्च | ५५१६५९०००.०० | ३७८७०४७०१.०० | ५५१६५९०००.०० | ५५१४५३९६४.० |
| पूँजिगत खर्च | २६१३२३०००.०० | १४४६१०९७६.०० | २६१३२३०००.०० | ३५९९८३४००.० |

आज्ञाले
मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत